# सुरक्षित र व्यवस्थित सरसफाइका लागि सुधारिएको चर्पी

प्रचलित चर्पीहरूको संरचना परिवर्तन गरी निम्न ५ प्रकारका सुधारिएको चर्पी मध्ये कुनै एक निर्माण गरी नियमित प्रयोग गरौं ।


## प्रचलित चर्पीहरु

### क. एक खाल्डे चर्पी



यस चर्पीलाई दिइएका ५ प्रकारका चर्पीमा सुधार गर्न सकिन्छ ।

### ख. होल्डिङ्ग ट्यांकी सहितको चर्पी




यस चर्पीलाई दिइएका २ प्रकारका चर्पीमा सुधार गर्न सकिन्छ ।

## सुधारिएको चर्पीहरु



**१. दुई खाल्डो चर्पी, फाइदाहरू र सीमितता :**

- घरभित्रै बनाउन सकिने
- लामो समयसम्म खाल्डो नभरिने
- खाल्डोको दिसा मलका रूपमा प्रयोग हुने
- भूमिगत पानीको तह उच्च हुने क्षेत्रमा उपयुक्त नहुने




**२. सुख्खा मल चर्पी (इकोसान), फाइदाहरू :**

- थोरै पानी भए पुग्ने
- नियमित सफा गर्दा गन्ध र झिंगा नआउने
- स्थानीय सामाग्री र कम खर्चमा बन्ने र मर्मत हुने
- ६ महिनाको भण्डारणपछि खल्डोमा दिसामल बन्ने
- पानी मिसाई पिसाब मल प्रयोग गर्न सकिने

**सीमितता**

- प्रयोग गर्न सामान्य जानकारी आवश्यक पर्ने
- दिसामल र पिसाब प्रयोग गर्न खेतबारी आवश्यक पर्ने




**३. बायोग्याँस जडित चर्पी, फाइदाहरू :**

- जैविक फोहरबाट ग्याँस उर्जा र कम्पोष्ट मल उत्पादन हुने
- मर्मत खर्च कम लाग्ने
- भूमिगत पानीलाई कुनै असार गर्दैन
- बायोग्याँस प्लान्ट भूमिगत हुने हुँदा माथिको जमीनमा अन्य काम गर्न सकिने
- बायोग्याँसबाट निस्कने लेदालाई पुनःमलको रूपमा प्रयोग गर्न सकिने

**सीमितता**

- निर्माण खर्च अन्य चर्पीमा भन्दा केही बढी लाग्ने
- ठाउँ र जैविक फोहरहरू पर्याप्त मात्रामा चाहिने
- कुनै किटनाशक झोलले चर्पी सफा गर्न नहुने
- चिसो र १५ डिग्रीभन्दा कम तापक्रमको भौगोलिक क्षेत्रमा बायोग्याँस जडान गर्न उपयुक्त नहुने




**४. बायोफिल (सूक्ष्मजीव र गड्यौलाको प्रयोग गरिने) चर्पी, फाइदाहरू :**

- यथास्थानमा नै (On site) दिसा व्यवस्थापन गर्न सकिने
- वातावरण प्रदुषण कम हुने र गन्ध नआउने
- प्रचलित चर्पी कै खर्चमा बनाउन सकिने

**सीमितता**

- दिसा-पिसाब गरिसकेपछि धेरै पानी हाल्न नमिल्ने
- गड्यौंलाको नियमित रेखदेख गर्नु पर्ने



**५. सेप्टिक ट्याङ्की र सोकपिट सहितको चर्पी, फाइदाहरू :**

- घरभित्र पनि बनाउन सकिने
- टिकाउ, झिंगा र किराको समस्या नहुने
- भूमिगत पानीको सतह उच्च भएको भौगोलिक क्षेत्रमा पनि बनाउन सकिने

**सीमितता**

- निर्माण खर्च महँगो र सेप्टिक ट्याङ्की भरेपछि पनि खाली गर्न खर्च लाग्ने
- पानी र ठाउँ धेरै चाहिने

## चर्पीको प्रयोगपछि साबुन पानीले मिचिमिची हात धोऔं ।



WASH ALLIANCE International Accelerating WASH

ENPHO Creating Eco Societies

२०७७